# यदि हामीलाई बुस्टर सटहरू आवश्यक हुन्छ भने कोभिड-19 को लागि किन मानिसहरूले खोप लगाउनु पर्छ?

## ट्रान्स्क्रिप्ट

[उत्साहजनक सङ्गीत]

[वर्णन]

कोभिड-19 विरुद्ध हामीसँग भएको खोप उत्कृष्ट सुरक्षा हो। उपलब्ध खोपहरूले बलियो सुरक्षा प्रदान गर्छ, विशेष गरी गम्भीर बिरामी र मृत्यु विरुद्ध।

यसले तपाईंको समुदायलाई भाइरस फैलने क्रम कम गरेर मद्दत गर्न सक्छ। यसले ती व्यक्तिहरूलाई सुरक्षा गर्छ जसले अझै खोप लगाउन पाएका छैनन् वा खोपले तिनीहरूमा राम्रो काम गरेको छैन।

खोपहरू आज हामीले हेर्दै गरेका भेरिएन्टहरू विरुद्ध प्रभावकारी छन् – तर प्रत्येक नयाँ संक्रमणले भाइरसलाई थप म्युटेट गर्न अवसर दिन्छ र हाम्रो खोपहरूबाट सम्भवतः बच्ने अवसर दिन्छ।

कोभिड-19 बुस्टर सटहरूले, अन्य नियमित खोपका लागि बुस्टले जस्तै भाइरस विरुद्ध उच्च तहको प्रतिरक्षा कायम गर्न तपाईंलाई मद्दत गर्छ।

तर सुरुवाती सुरक्षा प्राप्त गर्नु अझै धेरै महत्वपूर्ण छ।

यदि तपाईंले खोप लगाउनु भएको छैन भने, समय यही हो। तपाईं नजिकको प्रदायक भेट्न vaccines.gov मा जानुहोस्।

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

10/6/21 (Nepali)

*फरक ढाँचामा यो जानकारी प्राप्त गर्न, यो नम्बरमा कल गर्नुहोस्: 651-201-4989।*